कोरोना भाइरस सम्बन्धी विभिन्न सञ्चार माध्यममा आएका विषयको सम्बन्धमा छावनि समिति गठन

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मन्थली, रामेछाप

०४८-५४०३३३
०४८-५४०१३३
०४८-५४०३७०
फ्याक्स नं. ०४८-५४००८८
०४८-५४०५०१

पत्र संख्या:- 076/77
चलानी नं.:- 2605

(......पूर्वाञ्चल.......... फाँट मितिः- २०७६/१२/१३

विषयः- छानविन समिति गठन गरिएको सम्बन्धमा।

श्रीमान अध्यक्षज्यू
दोरम्बा गाउँपालिका कार्यालय, रामेछाप ।

प्रस्तुत विषयमा हालैका दिनमा विश्वभर कोरोना भाइरस (कोभिड-१९) को फैलि रहेको व्यहोरा विदितै छ । सोही सन्दर्भमा दोरम्बा गापा वडा नं. ४ बस्ने प्रकाश थापामगर (सम्पर्क नं. ९८००८०९८८२) का सम्बन्धमा विभिन्न सञ्चार माध्यमा आएका समाचारहरुका सम्बन्धमा यथार्थ रुपमा छानविन गरी सत्य तथ्य पत्ता लगाउनका लागि तहाँ पालिकाका प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा देहाय बमोजिमको समिति गठन गरिएको छ । तसर्थ यथासक्य छिटो छानविन गरी यस कार्यालयमा प्रतिवेदन पेश गर्नु हुन आदेशानुसार अनुरोध छ । साथै सोको उचित व्यवस्थापन गरी यथार्थ अवस्थाको बारेमा जिल्ला प्रशासन कार्यालय र सञ्चार माध्यमहरुलाई समेत जानकारी गराउनु हुन समेत अनुरोध छ ।

देहाय

| | |
|---|---|
| १. प्रमुख प्रशासकीय अधिकृत श्री दिपेन्द्र रेग्मी, दोरम्बा गा.पा. | संयोजक |
| २. स्वास्थ्य संयोजक, दोरम्बा गा.पा. | सदस्य |
| ३. वडा अध्यक्ष (सम्बन्धि वडा) दोरम्बा गा.पा. | सदस्य |
| ४. सम्बन्धि प्रहरी इकाई प्रमुख | सदस्य |

राजु प्रसाद पौडेल
सहायक प्रमुख जिल्ला अधिकारी

दोरम्बा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

टोकरपुर, रामेछाप

वाग्मती प्रदेश, नेपाल

प.स. ७६/७७

च.नं.

## दोरम्बा गाउँपालिकाको कार्यालयवाट जारी प्रेस विज्ञप्ति

विश्वभर फैलिरहेको नोवेल कोरोना भाईरस (**COVID-19**) दोरम्बा गाउँपालिकाको वडा नं. ४ गौश्वाराका एक व्यक्तिमा फैलिएको भन्ने सामाजिक सञ्जाल र अन्य गैरमिडिया (ब्लगर)मा आएको समाचार प्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ । सो सम्वन्धमा मिति २०७६/१२/१२ मा रामेछाप जिल्लाको रेडियो तिफदीसंग गाउँपालिका भित्र कोरोना भाईरसको नियन्त्रणका लागि गरिएको प्रयास विषयमा भएको अर्न्तवार्तालाई गलत अर्थ लगाई आधिकारिक पुष्टि नभएको हल्लाको विषयलाई सामाजिक सञ्जाल र गैरकानुनी रुपमा रहेका ब्लगरवाट प्रसारण गरिदा समाज भन त्रसित भएको देखिन्छ ।

सो सम्वन्धमा जिल्ला प्रशासन कार्यालय, रामेछापबाट गठित छानवीन समितिले आफ्ना मातहतका निकायहरुवाट स्वास्थ्यकर्मी र सुरक्षाकर्मीको टोली परिचालन गर्दा काठमाण्डौं मैतीदेवीमा रहेको एक होटलमा काम गर्ने दोरम्बा ४ गौश्वारा घर भएको भनिएका व्यक्ति मिति २०७६ १२ / ११ गते मंगलवारका दिन दिउसो करिव ७ वजे बेलुकी फोरह्वील गाडीवाट दोरम्बा गाउँपालिकाको टोकरपुर हुदै गौश्वारा पुगेको तर सामाजिक सञ्जाल र अन्य मिडियावाट प्रसारण गरेजस्तो निजमा कुनै रोगको लक्षण नदेखिएको, गाउँपालिकावाट खटिएका स्वास्थ्यकर्मीले मिति २०७६/१२/१३ गते दिनको ३:४५ बजे स्वास्थ्य परिक्षण गर्दा ज्वरोको मात्रा ९७.२ डिग्री फरेनहाईट, प्रेसरको मात्रा १२०/८० mm/hg रहेको, खोकी नभएको र कोरोना भाईरस सम्वन्धी देखिने पुर्व लक्षण कुनैपनि नदेखिएको एवं निज र निजको परिवार सुरक्षित रुपमा आफ्नो घरमा वसेकोले उक्त सामाजिक सञ्जालमा आएका समाचार यर्थाथ नभई भ्रम/हल्ला मात्र रहेकोले उक्त सामाजिक सञ्जालमा आएका समाचारप्रति भ्रमित नहुन सबैमा अनुरोध गर्न चाहान्छौं । यस प्रकारका समाचारवाट निज व्यक्तिमा पर्न गएको सामाजिक क्षतिप्रति दुःख प्रकट गर्न चाहान्छौं । साथै आधिकारिक मिडियामा आएको सत्य विषयहरु बाहेक आधिकारिक रुपमा दर्ता नभएका मिडिया, सामाजिक सञ्जाल र पुष्टि हुन नसकेका विषयलाई लएर त्रसित/आतंकित नहुन सबैमा हार्दिक अनुरोध गरिन्छ ।

दिपेन्द्र रेग्मी
प्रमुख प्रशासकीय अधिकृत
दोरम्बा गाउँपालिकाको कार्यालय

कमानसिं तामाङ(मोक्तान)
अध्यक्ष
दोरम्बा गाउँपालिका

मिति २०७६/१२/१३

## जिल्ला प्रशासन कार्यालय रामेछापवाट गठित छानवीन समितिले पेश गरेको प्रतिवेदन

श्री जिल्ला प्रशासन कार्यालय
मन्थली, रामेछाप ।

**विषयः प्रतिवेदन पेश गरिएको ।**

प्रस्तुत विषयमा तहाँ कार्यालयवाट मिति २०७६/१२/१३ मा दोरम्बा गाउँपालिका वडा नं. ४ का प्रकास थापामगरलाई कोरोना भाईरसको शंका गरेको सम्वन्धमा विभिन्न सामाजिक सञ्जाल र मिडियामा आएका समाचार सम्वन्धमा तपसिल वमोजिमको प्रतिवेदन तयार गरि पेश गरेको व्यहोरा अनुरोध छ ।

तपसिल

जिल्ला प्रशासन कार्यालयवाट प्राप्त निर्देशन अनुसार छानविन समितिले निम्नानुसार काम गरेको ।

१. दोरम्वा गाउँपालिका वडा नं. ४ मा भाँगेटारमा रहेको सामुदायिक स्वास्थ्य ईकाई भाँगेटारमा कार्यरत अ.हे.व श्री भुपाल लामा र गौश्वारा प्रहरी चौकीमा कार्यरत प्रहरी हवल्दार श्री बुद्धि वहादुर श्रेष्ठलाई स्थलगत रुपमा खटाई स्वास्थ्य परिक्षण लगायतका विषयवस्तुवारे जानकारी गराएको ।

२. विश्वभर फैलिरहेको नोवेल कोरोना भाईरस (COVID-19) दोरम्वा गाउँपालिकाको वडा नं. ४ गौश्वाराका एक व्यक्तिमा फैलिएको भन्ने सामाजिक सञ्जाल र अन्य गैरमिडिया (व्लगर)मा आएको समाचार प्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ । सो सम्वन्धमा मिति २०७६/१२/१२ मा रामेछाप जिल्लाको रेडियो तिफदीसंग गाउँपालिका भित्र कोरोना भाईरसको नियन्त्रणका लागि गरिएको प्रयास विषयमा भएको अर्न्तवार्तालाई गलत अर्थ लगाई आधिकारिक पुष्टि नभएको हल्लाको विषयलाई सामाजिक सञ्जाल र गैरकानुनी रुपमा रहेका व्लगरवाट प्रसारण गरिदा समाज भन त्रसित भएको देखिन्छ ।

३. सो सम्वन्धमा जिल्ला प्रशासन कार्यालय, रामेछापवाट गठित छानवीन समितिले आफ्ना मातहतका निकायहरुवाट स्वास्थ्यकर्मी र सुरक्षाकर्मीको टोली परिचालन गर्दा काठमाण्डौ मैतीदेवीमा रहेको एक होटलमा काम गर्ने दोरम्बा ४ गौश्वारा घर भएको भनिएका व्यक्ति मिति २०७६/ १२ / ११ गते मंगलवारका दिन दिउसो करिव ७ वजे बेलुकी फोरह्वील गाडीवाट दोरम्बा गाउँपालिकाको टोकरपुर हुदै गौश्वारा पुगेको तर सामाजिक सञ्जाल र अन्य मिडियावाट प्रसारण गरेजस्तो निजमा कुनै रोगको लक्षण नदेखिएको, गाउँपालिकावाट खटिएका स्वास्थ्यकर्मीले मिति २०७६/ १२/ १३ गते दिनको ३:४५ वजे स्वास्थ्य परिक्षण गर्दा ज्वरोको मात्रा ९७.२ डिग्री फरेनाईट, प्रेसरको मात्रा १२०/८० mm/hg रहेको, खोकी नभएको

र कोरोना भाईरस सम्वन्धी देखिने पुर्व लक्षण कुनैपनि नदेखिएको एवं निज र निजको परिवार सुरक्षित रुपमा आफ्नो घरमा वसेकोले उक्त  सामाजिक सञ्जालमा आएका समाचार यर्थाथ नभई भ्रम/हल्ला मात्र रहेकोले उक्त सामाजिक सञ्जालमा आएका समाचारप्रति भ्रमित नहुन सवैमा अनुरोध गर्न चाहान्छौ । यस प्रकारका समाचारवाट निज व्यक्तिमा पर्न गएको सामाजिक क्षतिप्रति दुःख प्रकट गर्न चाहान्छौ । साथै आधिकारिक मिडियामा आएको सत्य विषयहरु बाहेक आधिकारिक रुपमा दर्ता नभएका मिडिया, सामाजिक सञ्जाल र पुष्टि हुन नसकेका विषयलाई लिएर त्रसित/आतंकित नहुन सवैमा हार्दिक अनुरोध गरिन्छ।

| | | | |
|---|---|---|---|
| ............ | ............ | ............ | ............ |
| नेत्र वहादुर काफ्ले | कमल प्रसाद भट्टराई | चन्द वहादुर मगर | दिपेन्द्र रेग्मी |
| प्रहरी सहायक निरिक्षक | स्वास्थ्य शाखा प्रमुख | वडा अध्यक्ष | प्रमुख प्रशासकीय अधिकृत |
| टोकरपुर इलाका प्रहरी कार्यालय | दोरम्वा गाउँपालिका | दोरम्वा गाउँपालिका | दोरम्वा गाउँपालिका |

दिपेन्द्र रेग्मी
प्रमुख प्रशासकीय अधिकृत